आज मिति २०७९ माघ २९ गते आइतवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को आठौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

निर्णयहरुः-

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको सातौं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

२. चालु आ.व.२०७९/८० को स्वीकृत आयोजना तथा कार्यक्रमको हाल सम्मको समिक्षा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयमा थप तिव्रता दिने ।

३. आगामी आ.ब २०८०/८१ को लागि प्रदेश समपुरक एंव विशेष अनुदान अन्तर्गत यस नगरपालिका क्षेत्रमा सन्चालन गरिने तपशिल वमोजिमको योजना तथा कार्यक्रम माग गर्ने साथै समपुरक योजना तथा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने समपुरक रकम नगरसभावाट विनियोजन गर्ने निर्णय गरियो ।

क. वडा नं. ३ को भत्केको पुल देखि पन्चेटार जाने सडक स्तरोउन्नती ( विशेष अनुदान)

ख. वडा नं. ११ को मनोहर तिर्थ देखि ग्राण्डी सम्मको वाटो स्तरोउन्नती ( समपुरक)

ग. साईवावाचोक देखि विष्णुमति चापाको दोभान सडक स्तरोउन्नती ( समपुरक)

४. टोखा नगरपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ खारेज गरी टोखा नगरपालिका नगर प्रहरी बल गठन तथा संचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

५. नगरपालिका भित्र रहेका तपशिल वमोजिमका सार्वजनिक जग्गाहरुमा सम्वन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा विभिन्न संरचना (सामुदायीक भवन/ पाटी/ मठमन्दिर आदि) निर्माण प्रकृया अगाडि वढाउने ।

| सि.नं. | निर्माण हुने संरचनाको नाम | वडा नं. | वडाको सिफारिसको मिति र च.नं. | सार्वजनिक जग्गाको साविक गा.वि.स/ वडा/ कि.नं |
|---|---|---|---|---|
| १ | विमिरेटार क्रियापुत्री भवन कोठा थप तथा मेसिनरी वाल | १ | २०७९-१०-१७, १४५० | झोरमहाँकाल/४/ सिट नं. कि.नं. ५ को सार्वजनिक जग्गा |
| २ | खड्गी समाज भवन व्यवस्थापन | २ | २०७९-१०-०९,१३४८ | चण्डेश्वरी/ ९ ख/ सिट नं. कि.नं. ५ को सार्वजनिक जग्गा |

६. तपशिल बमोजिमका व्यावसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १ | जियो टेक कन्स्ट्रक्सन प्रा.लि | टोखा-१० | |
| २ | यचीईभ स्टार निर्माण सेवा | टोखा-१० | |
| ३ | सिटि कन्सल्टेन्ट प्रा.लि | टोखा-१ | |
| ४ | महालक्ष्मी एण्ड सोफिया कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-६ | |
| ५ | आर.एस.शाह कन्स्ट्रक्सन प्रा.लि | टोखा-११ | |
| ६ | कृतिमान निर्माण सेवा प्रा.लि | टोखा-३ | |

७. विभिन्न वडावाट सिफारिस भई आएका तपशिल वमोजिमका आयोजना तथा कार्यक्रमहरुका लागि नगरसभाको एघारौं अधिवेशनवाट निम्न शिर्षकहरुमा विनियोजित रकमवाट खर्च लेख्ने गरी कार्यक्रम स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | नेपाल अन्तराष्ट्रिय चलचित्र महोत्सव | | १ लाख ५० हजार | २२८ |
| २ | १० दिने अचार वनाउने तालिम -नमुना दिदी वहिनी समूह | ६ | १ लाख ७५ हजार | १७४ |
| ३ | जैविक प्याड प्रवर्द्धन कार्य | ४ | ५० हजार | १७४ |
| ४ | वडा नं. ७ को आयोजनामा हुने क्षमता विकास कार्यक्रम | ७ | १ लाख ५० हजार | १७४ |
| ५ | १६ औं नेपाल भाषा साहित्य तःमुँज्या कार्यक्रम | २ | २ लाख ५० हजार | २२८ |
| ६ | कमल वहादुर पाण्डे पुस्तक खरिद | ८ | २० हजार | पत्रपत्रिका तथा छपाई खर्च |
| ७ | चण्डेश्वरी देवको खुडोल बस्तीमा ढलको उचित व्यवस्थापन | २ | ५ लाख | २४७ |
| ८ | दलित समुदायलाई पेश अनुसारको औजार वितरण | १ | २ लाख | १७४ |
| ९ | दोश्रो नेपाल मिडिया अवार्ड-२०७९ | | ५० हजार | २२८ |
| १० | महेन्द्रेश्वर शिवालय संरक्षण समितिलाई शिवरात्री पुजा विशेष कार्यक्रमको लागि | १० | ३० हजार | २२८ |
| ११ | बाँझेखोला कल्भर्ट निर्माण | १ | ५ लाख | २४७ |
| १२ | चौथो मदन भण्डारी मेमोरियल ठमेल रोड रेस प्रतियोगिता | | ७५ हजार | २२५ |
| १३ | नेपाल फुटभली संघलाई केरलामा हुने फुटभली प्रतियोगितामा सहभागिताको लागि खेलाडि तथा अफिसियल टिमलाई हवाई टिकट तथा आवास सहयोग | | ४ लाख | २२५ |
| १४ | नगरपालिकाका विविध गतिविधिहरु ( विकास निर्माण,सामाजिक विकास आदि) समावेश गरी कार्यक्रम तयार गरी राष्ट्रिय टेलिभिजन मार्फत प्रशारण | | ४ लाख ५० हजार | कार्यक्रम खर्च शिर्षक |

८. औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट तपशिल वमोजिमको रकम उपलब्ध गराउने ।

क. वडा नं.१ को मिति २०७९-१०-२९ को च.नं. १५५४ को सिफारिस अनुसार सवारी दुर्घटनामा परी घाईते भई उपचाररत वडा नं. १ वस्ने श्री सुरेश अधिकारीलाई रु १ लाख

९. वडा नं. ११ को मिति २०७९-१०-२९ को च.नं. १७०१ को सिफारिस अनुसार मुटु रोग उपचाररच वडा नं. ११ वस्ने सकुन्तला खड्कालाई रु ६० हजार

१०.६ नं. वडा कार्यालयको मिति २०७९-१०-२३ ,च.नं. २७४२ को पत्रानुसार एघारौं नगरसभाको सि.नं. ७२४ मा ढुँगेधारावाट चौधरीको पसल सम्म खानेपानी र सडक स्तरोउन्नती कार्यको लागि विनियोजित रकम मध्येवाट खानेपानी पाईपलाईन विस्तारको लागि काठमाडौं उपत्यका खानेपानी लि.को मिति २०७९-९-२८,च.नं. १४४ को पत्रानुसार प्राप्त लागत अनुमान रु ५९२४९६/३४ ( पाँच लाख वयानव्वे हजार चार सय छयानव्वे रुपैयाँ पैसा चौतिस मात्र) उल्लेखित खानेपानी पाईपलाईन विस्तारको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड महाराजगंजको नाममा उक्त सि.नं. ७२४ मा विनियोजित रकम मध्येवाट अनुदान निकासा पठाउने गराउने ।

११.टोखा नगरपालिका कार्यालयको बा २ झ ५५२४ नम्वरको भेनु कार मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु . ३७६२९/- भुक्तानी उपलव्ध गराउने ।

१२.टोखा नगरपालिका कार्यालयको बा. प्र. ३ ००१ ग ००१४ नम्वरको जेट मेसिनको हाई प्रेसर जेट हस पाईप खरिद गर्नको लागि रकम रु . २१४७००/- विनियोजन गरी कार्य सम्पन्न भए पश्चात भुक्तानी उपलव्ध गराउने ।

१३. वडा नं. २ मेरिडियन संगैको सार्वजनिक जग्गामा खेलकुद मैदान निर्माण कार्यको लागि स्थानीय उपभोक्ता समितिसंग भएको सम्झौतानुसार हाल सम्म भएको कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको रकम टोखा ख्यासी उपभोक्ता समितिलाई भुक्तानी उपलव्ध गराउने ।

१४. टोखा नगरपालिका वडा नं. ११ मा रहेको गोरखकाली मन्दिर निर्माण कार्यको लागि गत आ.व.मा ठेक्का सम्झौता भई (36/NCB/TM/W2078-79) कार्यान्वयनमा रहेको गोरखकाली मन्दिर निर्माण कार्यको ठेक्का सम्झौता हुदाँ गर्नु पर्ने आईटमहरु छुट भएकोले सो ठेक्का सम्झौता रद्ध गरी अन्य वाँकी कार्यको पुन ठेक्का प्रकाशन गरी प्रकृया अगाडि वढाउने ।

१५.टोखा नगरपालिकामा रहेका महिला स्वंयम सेविकाहरुलाई अध्ययन अवलोकन भ्रमणको लागि अध्ययन अवलोकन भ्रमण शिर्षकवाट रु ९ लाख विनियोजन गरी महिला स्वंयम सेविकाहरुलाई अध्ययन अवलोकन भ्रमणका कार्यक्रम स्वीकृत गर्ने ।

१६. टोखा नगरपालिका वडा नं. ११ अन्तर्गत रहेको घरधनी मच्छे नारायण महर्जन समेतको घरमा व्यावसाय गरी वस्ने व्यावसायीले व्यापार व्यावसाय स्थल वन्दगरी हिडेकोमा घरखाली गराई पाउँ भनिएकोमा उक्त कार्यको तपशिल वमोजिमको प्रकृया अवलम्वन गरी घरखाली गर्ने प्रकृया अगाडि वढाउने ।

क. उल्लेखित घरहरुमा व्यावसाय संचालन गर्ने व्यावसायीलाई घरखाली गराउन राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने ।

ख. सो सयम सम्म सम्पर्कमा नआएमा, उल्लेखित व्यावसाय / गोदाममा रहेका सामानको परिमाण, सामानको किसिम, उत्पादन मिति, समेत खुलाई नेपाल प्रहरी, नगर प्रहरी, वडा जनप्रतिनिधि, वडा कर्मचारीको रोहवरमा समानको विवरण सहितको मुचुल्का तयार गर्ने ।

ग. उल्लेखित सामाग्रीहरुको लिलामीको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने ।

घ. लिलामीवाट प्राप्त रकम नगरपालिकाको धरौटी खातामा राख्ने ।

१७. मतदाता शिक्षा स्वंयम सेवकलाई कार्यक्रम संचालन अवधिभर भ्रमण खर्च स्वरुप सम्वन्धित स्थानीय तहको स्वीकृत खर्च मापदण्ड वमोजिमको न्यूनतम रु १००००/- ( दश हजार मात्र) पाउने गरी भुक्तानी हुने व्यवस्था मिलाउने मतदाता शिक्षा कार्यक्रम २०७९ को दफा २६ मा व्यवस्था भएकोले उल्लेखित रकम नगरपालिकाको कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी उपलब्ध गराउने ।

१८.यस नगरपालिकामा विगत समयदेखि विभिन्न पद तथा सेवामा कार्यरत तपशिल वमोजिमका कर्मचारीहरुलाई निजको तलव भत्ता/ सेवा सुविधिमा कुनै फरक नपर्ने गरी तपशिल देहाय वमोजिमको पदमा रुपान्तरण गरी कार्यमा लगाउने ।

| सि.नं. | कर्मचारीको नाम थर | साविकको पद | अव कायम हुने पद |
|---|---|---|---|
| १ | श्री गणेश प्रसाद कोईराला | कर संकलक/ चौथो | सहायक कम्प्युटर अपरेटर / चौथो |
| २ | श्री राजन सेढाई | कर संकलक/ चौथो | सहायक कम्प्युटर अपरेटर / चौथो |
| ३ | श्री पार्वती श्रेष्ठ | सहायक चौंथो | सहायक कम्प्युटर अपरेटर / चौथो |
| ४ | श्री मन्दिरा अर्याल | वालमैत्री सहजकर्ता/ चौथो | सहायक कम्प्युटर अपरेटर / चौथो |

१९.टोखा नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखाको समन्वयमा हुने राष्ट्रपति रनिङग शिल्ड तथा मेयर कप प्रतियोगिताको लागि एघारौं नगरसभाको सि.नं. २२५ मा विनियोजित खेलकूद शिर्षकवाट विभिन्न खेलविधाको लागि रकम रु. २४ लाख विनियोजन गर्ने ।

२०.टोखा भगवती तेक्वान्दो डोजाङको सहकार्यमा प्रथम जिल्ला स्तरीय टोखा मेयर तेक्वान्दो प्रतियोगिता, २०७९ संचालनको लागि एघारौं नगरसभाको सि.नं. २२५ मा विनियोजित खेलकूद कोषवाट रु १२ लाख विनियोजन गर्ने ।

२१.यस नगरपालिका वडा नं. ३ का वडासदस्य हरिकृष्ण श्रेष्ठका ममतामयी आमा नक्कली श्रेष्ठको ८३ वर्षको उमेरमा मिति २०७९ माघ २३ गते असामयीक निधन भएकोमा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने ।